# चामे गाउँपालिका

# साविक स्थानीय निकायका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा सम्वन्धी मापदण्ड, २०७७

**गाउँपालिकाबाट स्वीकृत मिति : २०७७ ।०३ ।३०**

**२०७७**

**गाउँ कार्यपालिकाको कार्यालय**

**चामे, मनाङ**

**गण्डकी प्रदेश, नेपाल**

# सावि‍क स्थानीय निकायका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा सम्वन्धी मापदण्ड, २०७७

**प्रस्तावना**

नेपालको सविधान २०७२ को अनुसुची ८ बमोजिम स्थानीय सेवा व्यवस्थापन सम्वन्धी स्थानीय तहको एकल अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड ड ३ बमोजिम स्थानीय तहको अधिकार क्षेत्र तथा नेपालको संघीय कानुन कर्मचारी समायोजन ऐन २०७५ को दफा २३ मा मापदण्ड बनाई प्रोत्साहन सुविधाको व्यवस्था गर्न सकिने भनि गरिएको व्यवस्थालाई समेत आधार मानी स्थानीय सरकार संचालन ऐन २०७४को दफा १०२ को उपदफा (२) एवं प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनको दफा ३ ले दिएको अधिकार प्रयोग गरि चामे गाउपालिकावाट स्विकृत भई यो मापदण्ड स्वीकृत गरि जारी गरिएको छ।

## भाग – १

## प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भ :( १) सावि‍क स्थानीय निकायमा कार्यरत रही यस कर्मचारीलाई प्रोत्साहन सुविधा सम्वन्धी मापदण्ड, २०७७ रहेको छ।

(२) यो मापदण्ड सभा बाट स्वीकृत पश्चात तुरुन्त प्रारम्भ हुने छ।

२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) “संविधान” भन्नाले नेपालको संविधान २०७२ सम्झनु पर्छ।

(ख) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ र कर्मचारी समायोजन ऐन २०७५ सम्झनु पर्छ।

(ग) “ कर्मचारी” भन्नाले मापदण्डको प्रयोजनको लागि तत्काल प्रचलित कानुन बमोजिम सावि‍क स्थानीय निकायका विभिन्न पदमा स्थायी नियुक्ती भई चामे गाँउपालिकामा समायोजन भई कार्यरत कर्मचारी सम्झनु पर्छ।

(घ) “स्थानीय तह” भन्नाले चामे गाँउपालिकालाई सम्झनु पर्छ।

(ङ) “ न्युनतम शैक्षिक योग्यता ” भन्नाले प्रचलित कानुन बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यता सम्झनु पर्छ।

(च) “ प्रमुख प्रशासकीय अधिकृत” भन्नाले चामे गाँउपालिका गाँउकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

३ संगठन तथा दरवन्दी : (१) स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरवन्दी चामे गाँउपालिकाको गाँउ सभाले स्वीकृत गरे बमोजिम हुने छ ।
(२) उप नियम (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि यसै मापदण्डको नियम ४ बमोजिमको प्रोत्साहन सम्वन्धी विशेष व्यवस्था बमोजिम तहवृद्धि हुन दरवन्दी स्वत सृजना भएको मानिने छ ।

४ प्रोत्साहन सम्वन्धी विशेष व्यवस्था : (१) नियम ३ बमोजिमको संगठन दरवन्दीमा एक पटकका लागि यस मापदण्ड बमोजिम प्रोत्साहन सुविधा स्वरुप तहबृद्धि तथा ग्रेड थप उपलब्ध गराइने छ । यस मापदण्ड बमोजिम तहबृद्धि तथा ग्रेड थप गर्दा नियुक्ति, शैक्षिक योग्यता र सेवा अवधि एव कार्यसम्पादन मुल्याकंनलाई आधार बनाईने छ ।
(२ )उपनियम (१) बमोजिम तहवृद्धि तथा ग्रेड थप गर्दा पछिल्लो ३ बर्षको कार्य सम्पादन मुल्यांकनमा औषत न्युनतम ९० प्रतिसत अंक प्राप्त गरेको हुनु पर्ने छ ।
(३) उपनियम १ बमोजिमको तह बद्धि तथा ग्रेड थप गर्दा देहायको मापदण्डको आधारमा गरिने छ ।
हालको तह मापदण्ड कायम हुने तह /स्तर अन्य प्रोत्साहन का.स., नगर प्रहरी, सवारी चालक, माली, सरसफाई कर्मी फायरमेनका हकमा ३ बर्ष भन्दा बढी ५ बर्ष भन्दा कम स्थायी सेवा अवधी पुगेको सोहि स्तरमा १ ग्रेड थप , पांच बर्ष भन्दा बढि सेवा अवधी भएको १ स्तर बृद्धि ,पाचौ स्तरमा कार्यरत ५ बर्ष भन्दा बढि सेवा अवधी भएको तर न्युनतम शैक्षिक योग्यता नभएको सोही स्तरमा २ ग्रेड थप ,का.स.को हकमा दश बर्ष भन्दा बढि सेवा अवधी भएको र एस.इ.ई. वा सो सरहको शैक्षिक योग्यता भएको सहायक स्तर चौथो पदमा ३ बर्ष स्थायी सेवा अवधी भै ५ बर्ष सेवा अवधी नभएको सोहि तहमा १ ग्रेड थप , ५ बर्ष भन्दा बढि स्थायी सेवा अवधी भएको तर शैक्षिक योग्यता नभएको सोहि तहमा २ ग्रेड थप, ५ बर्ष भन्दा बढि स्थायी सेवा अवधी भएको र शैक्षिक योग्यता भएको पाचौ तहमा ,सहायक स्तर पाचौ ३ बर्ष स्थायी सेवा अवधी भै ५ बर्ष सेवा अवधी नभएको सोहि तहमा १ ग्रेड थप ५ बर्ष भन्दा बढि स्थायी सेवा अवधी भएको तर शैक्षिक योग्यता नभएको सोहि तहमा २ ग्रेड थप ,५ बर्ष भन्दा बढि स्थायी सेवा अवधी भएको र शैक्षिक योग्यता भएको अधिकृत छैठौ तहमा ,अधिकृत छैठौ अधिकृत छैठौ तहमा ३ बर्ष पुरा सेवा अवधि भएको ५ बर्ष सेवा अवधि नभएको सोहि तहमा १ ग्रेड थप, अधिकृत छैठौ तहमा ५ बर्ष भन्दा बढि स्थायी सेवा अवधि पुरा भएको अधिकृत सातौ तहमा, अधिकृत सातौ अधिकृत सातौ तहमा ३ बर्ष पुरा सेवा अवधि भएको ५ बर्ष सेवा अवधि नभएको सोहि तहमा १ ग्रेड थप, अधिकृत सातौ तहमा ५ बर्ष भन्दा बढि वा अधिकृत स्तरमा १० बर्ष भन्दा बढि स्थायी सेवा अवधि पुरा भएको न्युनतम शैक्षिक योग्यता भएको र सातौ तहमा कार्यरत रहेको आठौ तहमा , अधिकृत आठौ अधिकृत स्तर आठौ तहमा ३ बर्ष पुरा सेवा अवधि भएको ५ बर्ष सेवा अवधि नभएका सोहि तहमा १ ग्रेड थप,न्युनतम शैक्षिक योग्यता भएको र सोहि तहमा सेवा ५ बर्ष पुरा गरेको र आठौ तहमा कायरत भएको नवौ तहमा ,
४) यस मापदण्ड बमोजिम उपलब्ध गराईएको थप ग्रेड प्रचलित कानुन बमोजिम त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढि हुने छैन ।
५) जेष्ठता निधारण हाल कायरत तहमा कायम भएको जेष्ठता कायम हुनेछ ।

६) प्रोत्साहन सुविधाको लागि निवेदन दिन १५ दिनको समयावधि दिइने छ । सो अवधी भित्र स्थायी नियुक्ति वा बढुवा नियुक्ति, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि समावेश गरि निवेदन दिनु पर्ने छ । निर्धारित अवधि भित्र निवेदन  नदिने कर्मचारीलाई प्रोत्साहन सुविधा दिइने छैन ।

५ तह बुद्धि तथा प्रोत्साहन सम्वन्धी पत्र उपलब्ध गराईने : यस मापदण्ड बमोजिम ताकिएको अवधि भित्र प्राप्त निवेदन तथा प्रमाणपत्र अध्ययन गरि नियम ४ को उपनियम (३) को आधारमा कार्यालयले प्रोत्साहन सुविधा सम्वन्धी पत्र उपलब्ध गराउने छ ।

६ यसै मापदण्ड बमोजिम हुने : यस मापदण्डमा लेखिएको कुरा यसै बमोजिम हुने छ । अन्यको हकमा प्रचलित  कानुन बमोजिम हुनेछ ।